# हिमाली गाउँपालिकाको विनियोजन ऐन

## २०८२

हिमाली गाउँपालिका
बाजुरा जिल्ला
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

# स्थानीय तहको विनियोजन ऐन २०८२

**हिमाली गाउँपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०८२/०३/१०

**प्रस्तावना:** हिमाली गाउंपालिका आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हिमाली गाउँसभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम " **हिमाली गाउँपालिको विनियोजन ऐन, २०८२** " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु बजेट ३९ करोड २९ लाख २ हजार नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन: (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त हिमाली गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिन पर्नेछ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

१) आन्तरिक आयको रुपमा कर तथा राजश्वबाट रु ७० लाख
२) गत वर्षको अल्याबाट रु १ करोड १६ लाख २९ हजार रुपैयाँ ।

**संघिय सरकारबाट प्राप्त अनुदान**

१) वित्तिय समानिकरण तर्फ रु. ९ करोड ५० लाख ।

२) राजश्व वाँडफाँडबाट रु. ९ करोड ९३ लाख रुपैयाँ ।
३) समपुरक अनुदानबाट रु. १ करोड १९ लाख
४) संघीय बिशेष तर्फको ५७ लाख
५) संघीय सरकारबाट प्राप्त हुने शसर्त चालु तर्फ १२ करोड ३९ लाख
६) संघीय सरकारबाट प्राप्त हुने शसर्त पुजीगत तर्फ ४१ लाख

**प्रदेश सरकारबाट प्राप्त अनुदान**

१) वित्तिय समानिकरणबाट रु. ७५ लाख ३३ हजार
२) राजश्व वाँडफाँडबाट रु. ३१ लाख ४० हजार
३) समपुरक अनुदानबाट रु. १ करोड ८२ लाख
४) प्रदेश बिशेष तर्फको ५५ लाख

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner